# स्थानीय राजपत्र

शैलुङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ०१ २६ माघ, २०७४


## भाग–१

**शैलुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय काटाकुटी दोलखा**
**प्रदेश नं. ३, नेपाल**

### शैलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम शैलुङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ :</u>** (१) यो ऐनको नाम शैलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन शैलुङ गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **<u>परिभाषा :</u>** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले शैलुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले शैलुङ गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले शैलुङ गाउँपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

३. **<u>नियम बनाउने अधिकार :</u>** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त शैलुङ गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

४. **<u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:</u>** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलिको अधिनमा रही शैलुङ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५. **यो ऐन लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका निर्देशिका, कार्यविधि तथा मापदण्डहरु यसै ऐन बमोजिम भएको मानिनेछ।**

**प्रमाणिकरण मिति : २२ माघ, २०७४**

**आज्ञाले,**
**रमेश विश्वकर्मा (सुनार)**
**प्रमुख प्रशासकीय अधिकृत**